# ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजना प्रगति सम्बन्धी नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको

## प्रेस बिज्ञप्ति

नेपाल दूरसंचार प्राधिकरणबाट दूरसंचार ऐन, २०५३ को दफा ४ बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन सोहि ऐनको दफा ५ तथा ६ बमोजिम गर्ने सिलसिलामा ग्रामीण क्षेत्रमा ब्रोडबैण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण सम्बन्धमा सञ्चालित विभिन्न परियोजना कार्य अघि बढाएकोमा उक्त आयोजना सम्बन्धमा वि.सं. २०७७ साल जेष्ठ मसान्तसम्म भएको प्रगति सम्बन्धी संक्षिप्त विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रेसित गरिएको छ |

### १. भौतिक प्रगति

### १.१ ब्रोडबैण्ड इन्टरनेट सेवा उपलब्ध गराउने परियोजना सम्बन्धमा :

ग्रामीण दूरसंचार विकास कोष परिचालन गरी संचालित देशभरीका ग्रामीण क्षेत्र अन्तर्गतका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउने सम्बन्धमा प्राधिकरणबाट निर्धारित १८ वटा प्याकेजहरु मध्ये ११ वटा प्याकेज अन्तर्गतका ४१ जिल्लाहरुमा १००% तथा २ वटा प्याकेज अन्तर्गतका ९ जिल्लाहरुमा ५०% कार्य सम्पन्न भई सेवा संचालनमा रहेको अवस्था छ | ३ वटा प्याकेज अन्तर्गतका १४ जिल्लाहरुमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक छनौट भई नेटवर्क निर्माण कार्य भईरहेको छ । साथै २ वटा प्याकेज अन्तर्गतका ९ जिल्लाहरुमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक छनौट हुने क्रममा रहेको अवस्था छ | नेटवर्क निर्माण सम्पन्न भएका परियोजनाहरु अन्तर्गत सञ्चालित ब्रोडबैण्ड इन्टर्नेट सेवाको गुणस्तर/मापदण्ड तोकिए अनुसार रहे/नरहेको परिक्षण तथा अनुगमन कार्य भइरहेको अवस्था छ । २०७७ जेष्ठ मसान्त सम्मको उपरोक्त ब्रोडव्याण्ड परियोजनाहरुको भौतिक प्रगति बिबरण संक्षिप्तमा देहाय बमोजिम भएको :

| विवरण | जडान गरिने स्थानिय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कुल साइट संख्या |
|---|---|---|---|---|---|
| सबै १८ प्याकेज गरी कुल अनुमानित साइट संख्या | ७०१ | ५९५२ | ५५९७ | ४३५१ | १६६०१ |
| सम्झौता भएका १६ प्याकेजका साइट संख्या | ६१८ | ५१७० | ४८८९ | ३७९१ | १४४६८ |
| २०७७ जेस्ठ महिनामा मात्र जडान सम्पन्न भएका साइट संख्या | x | x | x | x | x |
| इन्टरनेट जडान सम्पन्न भएका साइट संख्या | ४३१ | ३६१२ | २९४८ | २५४६ | ९५३७ |
| इन्टरनेट जडान गर्न बाँकि साइट संख्या | २७० | २३४० | २६४९ | १८०५ | ७०६४ |
| इन्टरनेट जडान सम्पन्न (प्रतिशतमा) | ६१.४८ | ६०.६८ | ५२.६७ | ५८.५२ | ५७.४५ |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत [सम्झौता भैसकेका प्याकेजका कार्यप्रगतिका आधारमा मात्र गणना गर्दा] | ६९.७४ | ६९.८६ | ६०.३० | ६७.१६ | ७०.८३ |

ग्रामीण दूरसञ्चार बिकास कोषबाट अनुदान उपलब्ध गराउने गरी बाँके, बर्दिया, दाङ्ग, कैलाली र कञ्चनपुर जिल्लाहरुका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड सेवा १ बर्षभित्र उपलब्ध गराउनको लागि सेवा प्रदायक श्री टेकमाइन्डस् प्रा. लि. छनौट गरी मिति २०७७।०२।२२ मा सम्झौता भएको छ ।

विश्वभर फैलिएको Covid-19 को महामारीको कारण सामूदायिक बिद्यालयहरु क्वारेन्टिन तथा उपचारको प्रयोजनका लागि प्रयोग भईरहेको तथा स्थानिय निकायहरु र सामूदायिक स्वास्थ्य संस्थाहरुलाई सूचना आदान प्रदान गर्ने ईन्टरनेट सेवा अत्यावश्यक भएकोले ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन गरी सञ्चालित परियोजना अन्तर्गतका स्थानिय निकाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड सेवा सुचारु गर्न सम्बन्धित सबै सेवा प्रदायक सबैलाई निर्देशन दिईएको छ । साथै ब्रोडब्याण्ड ईन्टरनेट जडान भईसकेका निकाय/संस्थाहरुमा सेवा सञ्चालन नभएको भए यस प्राधिकरणमा जानकारी गराउन प्राधिकरणको वेबसाईट www.nta.gov.np मा सूचना प्रकाशन गरी आह्वान गरिसकिएको छ ।

## १.२ सूचना महामार्ग पूर्वाधार निर्माण सम्बन्धमा :

मध्यपहाडी लोकमार्ग भएर सबै जिल्ला सदरमूकामसम्म जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजमा बिभाजन गरी कार्य अगाडी बढाइएकोमा २०७७ जेष्ठ मसान्त सम्मको भौतिक प्रगति सम्बन्धी संक्षिप्त बिबरण देहाय बमोजिम रहेको :

| बिबरण | प्याकेज १ (प्रदेश नं. १, २ र ३) | प्याकेज २ (प्रदेश नं. ४ र ५) | प्याकेज ३ (प्रदेश नं. ६ र ७) |
|---|---|---|---|
| छनौट भएको सेवा प्रदायक | नेपाल टेलिकम | युनाइटेड टेलिकम लि. | नेपाल टेलिकम |
| अप्टिकल फाइबर बिछ्याउने सम्बन्धमा : | | | |
| सम्झौता बमोजिम अप्टिकल फाइबर नेटवर्क निर्माण गर्नुपर्ने दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| कार्य सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | २५९ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशतमा) | १२.४३ | X | X |
| DWDM तथा Router उपकरण सम्बन्धमा : | | | |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने जम्मा DWDM उपकरण संख्या | २६ | २१ | २८ |
| हालसम्म जडान गरिएको DWDM उपकरण संख्या | २५ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने जम्मा Core Router उपकरण संख्या | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको Core Router उपकरण संख्या | १७ | X | X |
| माईक्रोवेभ लिंक जडान सम्बन्धमा : | | | |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने जम्मा माईक्रोवेभ लिंक स्पटको संख्या (hops) | X | X | १८ |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक स्पटको संख्या | X | X | X |

* छनौट भएको सेवा प्रदायकबाट Detail Implementation Plan Survey पश्चात २०८३.५५ कि.मि. मात्र कायम हुन आएको ।

**प्याकेज २ को हकमा** युनाइटेड टेलिकम लि. ले २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजले सम्झौता बमोजिम कार्य गर्न नसकेकोले निजसंग भएको सम्झौताको समयावधि प्राधिकरणबाट थप नगरिएको र उक्त सम्झौता स्वत: खारेज भएको अवस्थामा निज सेवा प्रदायकले सम्मानित सर्बोच्च अदालतमा दायर गरेको रिट उपर अन्तिम निर्णयको लागि बिचाराधिन रहेकोले भौतिक प्रगति नभएको अवस्था छ । साथै **प्याकेज ३ को हकमा** २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी नेपाल

दूरसञ्चार कम्पनी लि. संग सम्झौता भएको तर बिश्वभर फैलिएको कोभिड-१९ महामारीका कारणबाट सृजित बिषम परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढ्न नसकेको अवस्था छ।

नोटः विश्वभर फैलिएको Covid-19 को महामारीको कारण उत्पन्न बिषम परिस्थितिमा देशभर गरिएको Lockdown ले गर्दा २०७७ जेष्ठ महिनामा उल्लेखित परियोजनामा खासै भौतिक प्रगति हुन नसकेको अवस्था छ ।

## २. बित्तिय प्रगति

ब्रोडव्याण्ड इन्टरनेट एक्सेस तथा सूचना महामार्ग पूर्वाधार परियोजना सम्बन्धमा २०७७ जेष्ठ मसान्तसम्मको संक्षिप्त बित्तिय प्रगति बिबरण देहाय बमोजिम रहेको :

| विवरण | रकम (ने.रु) | कैफियत |
|---|---|---|
| **ब्रोडब्याण्ड इन्टरनेट एक्सेस परियोजना सम्बन्धमा:** | | |
| सम्झौता भैसकेका ब्रोडब्याण्ड इन्टरनेट एक्सेस परियोजनाहरुको जम्मा सम्झौता रकम | ४,४८,५६,१०,२०१.३९ | |
| २०७७ जेष्ठ मसान्तसम्म ब्रोडब्याण्ड परियोजनामा गरिएको भुक्तानी रकम | १,६०,७०,२४,९१२.०७ | |
| ब्रोडब्याण्ड इन्टरनेट एक्सेस परियोजनाहरुको २०७७ जेष्ठ मसान्त सम्मको बित्तिय प्रगति (प्रतिशतमा) | ३५.८३ | |
| **सूचना महामार्ग पूर्वाधार परियोजना सम्बन्धमा :** | | |
| सूचना महामार्ग परियोजनाका लागि जम्मा सम्झौता रकम | ९,८९,१७,००,०००.०० | |
| सूचना महामार्ग परियोजनाको जेष्ठ महिनासम्मको बित्तिय प्रगति (प्रतिशतमा) | - | Advanced Payment बाहेक थप कुनै पनि भुक्तानी नगरिएको । |

मिन प्रसाद अर्याल

प्रवक्ता

नेपाल दूरसंचार प्राधिकरण

२०७७/३/३